कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

गमगढी, मुगु

## स्थानिय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धन कार्यक्रम अन्तर्गत (वन तथा वातावरण संरक्षण निर्माणाका लागि) मेशिनरी औंजारमा अनुदान सम्बन्धी प्रस्ताव आह्वानको सुचना

**प्रथम पटक प्रकासित मिति २०७९।०२।२०**

यस कार्यालयको चालु आ.व. २०७८।०७९ को वार्षिक स्विकृत कार्यक्रम बमोजिम वन तथा वातावरण संरक्षण निर्माण, स्थानिय कच्च पदार्थमा आधारित उद्योग प्रवर्द्धन गर्न आवश्यक मेसिन, औजार तथा उपकरण सहयोग गरि अनुदान प्रवाह गर्ने कार्यक्रम रहेको हुदा आवश्यक योग्यता पुगेका ईच्छुक उद्यमिहरुले कर्णाली प्रदेश अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ र कार्यक्रम संचालन तथा कार्यन्वयन कार्यविधि, २०७८ को बुदा नं. ११ बमोजिम तपसिलका शर्तहरुको अधिनमा रहि यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा शिलवन्दी प्रस्ताव आव्हान पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**क) कार्यक्रमको नामः** स्थानिय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धन कार्यक्रम (वन तथा वातावरण संरक्षण निर्माण)

**ख कार्यक्रम सञ्चालन हुने स्थानः** मुगु जिल्ला

**ग) कार्यक्रमको उद्देश्यः** यस जिल्लामा पाइने महत्वपुर्ण स्थानिय कच्चा पदार्थहरुको पहिचान गरि उक्त कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगहरुका लागि मेशिन, औजार, उपकरण लागत सहभागितामा अनुदान प्रवाह गरि उद्योग स्थापना मार्फत स्थानियहरुको जिविकोपार्जनमा सहयोग, रोजगारी बृद्धि गर्न लगायतका क्रियाकलापबाट प्रदेशको आर्थिक बृद्धि गर्ने ।

**घ) अनुदानग्राहीले पेश गर्नुपर्ने कागजातः**

१. अनुसुचि-१ बमोजिमको निवेदन ।

२. उद्यमिको नेपाली नागरिकताको प्रतिलिपि ।

३. उद्योग दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्रको प्रतिलिपि र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा अडिट रिपोर्ट समेत । (म्याद समाप्त भई अधिल्लो आ.व.को करचुक्ता र अडिड रिपोर्ट पेश गर्न नसकिने अवस्थामा थमैति पत्र तथा अघिल्लो आ.व. हरुको करचुक्ता तथा अडिट रिपोर्ट समावेश गर्नु पर्नेछ ।)

४. उद्योग सञ्चालित अवस्थामा रहे/नरहेको, रोजगारीको विवरण तथा अनुदान उपलब्ध गराईदिने व्यहोराको स्थानिय तहको सिफारिस ।

५. अन्य/विभिन्न क्षेत्रबाट अनुदान प्राप्त गरेको/नगरेको सम्बन्धमा स्वःघोषणा पत्र ।

६. अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापः

| सि.नं. | अनुदान प्रवाह गरिने क्रियाकलाम | अनुदान रकमको सिमा | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | ब्लक उद्योग | १४,००,०००/- | मुगु जिल्ला भित्र | सम्बन्धित उद्योगले मात्र पेश गर्न सकिने |

७. सरकारी निकायबाट तालिम प्राप्त गरि उद्योग व्यवसाय संचालन गरेको भए प्रमाण पत्रको प्रतिलिपि ।

क्रमशः

CS CamScanner

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
गमगढी, मुगु

८. दलित, आदिवासी/जनजाति, पिछडिएको समुदाय, अल्पसंख्यक तथा अपाङ्ग उद्यमिको हकमा प्रमाणित कागजातको प्रतिलिपि (कम्पनी तथा साझेदारि फर्मको हकमा लागु नहुने)

९. तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्बन्धि कागजातको प्रतिलिपि ।

१०. आवश्यक मेशिन औजारको स्पेशिफिकेशन लागत तथा परिमाण सहितको विस्तृत विवरण ।

कृष्ण बहादुर बोहरा
कार्यालय प्रमुख

CamScanner